विषय : नेपाली

कक्षा : पाँच

खण्ड : २

CHILDREN'S HAVEN VALLEY VIEW ENGLISH SCHOOL
A GRADE SCHOOL

## बोध तथा रचना

### १. तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्:

हामीले सबैको उपकार हुने काम गर्नुपर्छ । हामी असल स्वभावको गुणी मान्छे बन्नुपर्छ । सबैलाई समान व्यवहार गर्नुपर्छ । कसैको कुभलो चिताउनु हुँदैन । फल फलेको वृक्षको हाँगो झैँ हामीले सधैँ अर्काको भलाइ चाहनुपर्छ । हामीले सानालाई माया र ठुलालाई आदर गर्न जान्नुपर्छ । सधैँ राम्रा र असल काम गर्नुपर्छ । हामी एक अर्कासँग मिल्नुपर्छ । मिलेर काम गर्नाले हामीलाई धेरै फाइदा हुन्छ । मिलेर काम गर्नाले हामी असम्भव काम पनि सम्भव बनाउन सक्छौँ । मौरीको एकताबाट पनि हामी सबैसँग मिल्नुपर्छ भन्ने सिक्छौँ । हामीले स्वार्थी र घमन्डी हुनु हुँदैन । सबैको उन्नति एकैनासको हुन सक्दैन ।

हामीले आफ्नो आफ्नो क्षेत्रबाट आफ्नो काम गरी उन्नति गर्नुपर्छ । सूर्यको गति झैँ सधैँ राम्रा काम गरी अघि बढ्नुपर्छ । हामीले सबैलाई समान दृष्टिले हेर्नुपर्छ । एकले अर्कालाई आदर गर्नुपर्छ । कुनै पनि काम सानो ठुलो भनी छुट्ट्याउनु हुँदैन किनकि एउटाले गरेको कामले अर्कोलाई सहयोग पुगेको हुन्छ । एउटै मान्छेद्वारा सबै काम गर्न सकिँदैन । हामीले आफ्ना राम्रा गुणहरू बढाउँदै जानुपर्छ । राम्रा राम्रा बानीको विकास गर्दै जानुपर्छ ।

**प्रश्नहरू :**

क) हामीले कसरी असम्भव काम सम्भव बनाउन सक्छौँ ?

ख) हामीले किन सानो ठुलो भनी काम छुट्ट्याउनु हुँदैन ?

ग) हामीले कस्तो काम गर्नुपर्छ ?

घ) उपकार र वृक्ष शब्दको अर्थ लेख्नुहोस् ।

ङ) कुभलो र मौरी शब्दको वाक्यमा प्रयोग गर्नुहोस् ।

२. आमाको मुख हेर्ने दिनको सन्दर्भ पारेर आमाको महत्त्वका बारेमा दुई अनुच्छेद लेख्नुहोस् ।

३. ‘मेरो जीवनको लक्ष्य’ शीर्षकमा निबन्ध लेख्नुहोस् ।

## व्याकरण खण्ड

**पढ्नुहोस्:**

**नाम**

कुनै व्यक्ति, वस्तु, ठाउँ, पशुपन्छी, वा विभिन्न भाव बुझाउने शब्दलाई नाम भनिन्छ । जस्तैः सगरमाथा, सीता, किताब, फौज, पानी, माया आदि ।

नाम पाँच प्रकारका हुन्छन् ।

**क) व्यक्तिवाचक नामः** कुनै निश्चित व्यक्ति, ठाउँ, वा विभिन्न किसिमका वस्तुलाई तोकेर बुझाउने नाम शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तैः काठमाडौं, मोतीराम, दसैं, नेपाल, गुलाब, सगरमाथा, परेवा, तिज, जनकपुर आदि ।

**ख) जातिवाचक नामः** मान्छे, अन्य प्राणी वा वस्तुको एउटा वर्ग वा जातिलाई बुझाउने नाम शब्दलाई जातिवाचक नाम भनिन्छ । जस्तै : किताब, हिमाल, चरो, चरो, फूल, रुख, नदी, पुस्तक आदि ।

**ग) समूहवाचक नामः** कुनै प्राणी वा वस्तुको समूह बुझाउने नाम शब्दलाई समूहवाचक नाम भनिन्छ । जस्तै : भिड, ताँती, घार, दर्जन, खात, बगाल, झुप्पो, जुलुस, सभा, खात आदि ।

**घ) द्रव्यवाचक नामः** नाप तौल गर्न सकिने भौतिक वस्तुलाई द्रव्यवाचक नाम भनिन्छ । जस्तै : पानी, माटो, तेल, दूध, हावा, बादल आदि ।

**ङ) भाववाचक नामः** कुनै व्यक्ति वा वस्तुको गुण, कार्य वा अवस्थालाई बुझाउने नाम शब्दलाई भाववाचक नाम भनिन्छ । जस्तै : माया, सुख, बोलाइ, जन्म, चिसोपना, मित्रता आदि ।

## अभ्यास

**४. तलका नाम शब्दहरूको प्रकार छुट्टयाई छुट्टाटुट्टै कोठामा लेख्नुहोस्:**

सीता, फूल, चरो, फौज, बथान, पढाइ, सुन, हावा, पोखरा, सुख, जन्म, गरिबी, तेल, तिहार, चमेली, भँगेरो, हिमाल, ताँती,नुन, किताब, रास, चिनी, पल्टन, माया, धर्म ।

| व्यक्तिवाचक नाम | जातिवाचक नाम | समूहवाचक नाम | द्रव्यवाचक नाम | भाववाचक नाम |
|---|---|---|---|---|
| | | | | |

५. अभिभावकको सहयोग लिएर तलको कोठेपद भर्नुहोस् र बनेका नाम शब्दहरूको सूची तयार गर्नुहोस्:

| | | | |
|---|---|---|---|
| १चौ | | ४ | |
| ९ | | ११ | |
| २ | ३ग | ५गा | ६ |
| ७स | | | |
| | १० | | |
| ८ | | र | |

| तेर्सो | ठाडो |
|---|---|
| १. चामल पखालेको पानी | १. वरपिपल रोपिएको ठाउँ |
| २. निरोगको उल्टो | ३. फूल रोप्ने भाँडो |
| ५. सहरको उल्टो | ४. जङ्गली गाई |
| ८. देवता | ६. किरातहरूको चाड |
| ९.राती आकाशमा लाग्ने | ७. आगो पार्ने साधन |
| १०. सरम | |
| ११. लहरो | |

## नाम शब्दहरू

(१)............................ (७) .......................................

(२) ........................... (८) ..................................

(३)........................... (९) .................................

(४) .. ....................... (१०) .................................

(५) ........................ (११) .................................

(६) ............................ (१२) .............................

विषय शिक्षक : लक्ष्मी शर्मा

सम्पर्क : ९८४१९११९०६

इमेल : niradnikita@gmail.com